# सिद्ध कुमाख गाउँपालिका
# प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३

**पारित मितिः २०८३।०१।२३**
**प्रमाणीकरण मितिः२०८३।०१।२३**

**प्रस्तावना**

सिद्ध कुमाख गाउँपलिकाभित्र सञ्चालित विद्यालयहरुको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) को उपदफा (२) र सिद्ध कुमाख गाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा (४६) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सिद्ध कुमाख गाउँपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

**१.संक्षिप्त नाम,विस्तार र प्रारम्भः**

**(क)**. यो कार्यविधिको नाम प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि, २०८३ रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८(संशोधन सहित) र सिद्ध कुमाख गाउँपलिकाको शिक्षा ऐन, २०७४ लाई सम्झनुपर्छ।

ख)"नियमावली" भन्नाले शिक्षा (दशौं संशोधन) नियमावली,२०८३ र सिद् कुमाख गाउँपालिकाको शिक्षा नियमावली २०७४ लाई सम्झनुपर्दछ।

(ग) "गाउँपालिका" भन्नाले सिद्ध कुमाख गाउँपालिकालाई सम्झनुपर्दछ।

(घ) "प्रमुख" भन्नाले सिद्ध कुमाख गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

(ङ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्ध कुमाख गाउँपलिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

च) "शिक्षा' शाखा" भन्नाले सिद्ध कुमाख गाउँपलिका अन्तर्तको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(छ)"शाखा प्रमुख" भन्नाले सिद्ध कुमाख गाउँपलिकामा कार्यरत शिक्षा शाखामा कार्यरत वरिष्ठ कर्मचारीलाई सम्झनु पर्छ।

(ज)"सामुदायिक विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ।

(झ)"संस्थागत विद्यालय "भन्नाले प्रचलित कानुन बमोजिम नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त निजि तथा शैक्षिक गुठीलाई सम्झनु पर्छ।

(ञ)"विद्यालय व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि गठित समिति सम्झनु पर्छ।

(ट )"प्रधानाध्यापक"भन्नाले विद्यालयको प्राज्ञिक र प्रशासनिक जिम्मेवारी निर्वाह गरी नेतृत्व लिने विद्यालयको प्रमुखलाई सम्जनु पर्छ।

(ठ) "शिक्षक" भन्नाले आधारभुत तह र माध्यमिक तहमा स्थायी, अस्थायी,राहत, सङ्घीय शिक्षण सहयोग अनुदान र गाउँपालिका अनुदान बाट नियुक्ति भएका शिक्षक सम्झनु पर्छ।यसले उच्च माध्यमिक तहको राहत तथा अनुदान कोटा बाट नियुक्त शिक्षक समेतलाई सम्झनुपर्दर्छ।

(ड)"समिति" भन्नाले दफा (४) को उपदफा (१) र (२)बमोजिमको प्रधानाध्यापक छनौट समितिलाई सम्झनुपर्छ]

**३.प्रधानाध्यापक विद्यालयको प्रमुख हुनेः**

(१). विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा कार्य गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।

(२)प्रधानाध्यापकले विद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय र प्रशासनिक उत्तरदायित्व वहन गर्नुपर्नेछ।

**४. प्रधानाध्यापक छनौट समितिः**

(१)सामुदायिक विद्यालयमा रिक्त पदमा प्रधानाध्यापक छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको एक पालिका स्तरीय प्रधानाध्यापक छनौट समिति रहनेछ

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख)विषय विज्ञ शिक्षकहरु मध्येवाट गाउँ शिक्षा समितिले छनौट गरेको १ जना महिला सहित दुइ जना- सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये गाउँ शिक्षा समितिले छनौट गरैको १ जना — सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

**५) प्रधानाध्यापक छनौट/नियुक्ति तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तथा प्रकियाः**

(१) सिद्ध कुमाख गाउँपालिकाले सम्बन्धित विद्यालयमा वा पालिका भित्रका अन्य विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुबाट प्रधानाध्यापक छनौट तथा नियुक्तिका लागि दरखास्त आह्वान गर्नेछ।दरखास्त आह्वान गर्ने अवधि सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनको हुनेछ।

२)दफा (५) को उपदफा(१) बमोजिम दरखास्त आह्वान भएमा योग्यता पुगेका सम्बन्धित शिक्षकले गाउँपालिकाले तोकेको म्याद भित्र अनुसूची-१ बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव सहित गाउँपालिकामा आवेदन पेश गर्नुपर्नेछ।

(३)दफा (६) को उपदफा (१) र (२) बमोजिम योग्यता र अनुभव पुगेका स्थायी शिक्षकहरुले सम्बन्धित विद्यालय वा पालिका अन्तर्गतका जुनसुकै विद्यालयको प्रधानाध्यापक पदका लागि उम्मेदवार हुन अनुसूची-४ बमोजिमको ढाँचामा विद्यालयको प्राथमिकताक्रम निर्धारण गरी आवेदन पेश गर्नुपर्नेछ।

(४)सम्बन्धित विद्यालय वा गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा समेत सम्बन्धित तहको स्थायी पदमा कार्यरत शिक्षक/ दरबन्दी अपुग भएमा वा त्यस्तो दरबन्दी शुन्य भएको अवस्थामा अर्को व्यवस्था नभएसम्मका लागि अनुभव र योग्यता मिल्ने गरी सम्बन्धित तह भन्दा मुनीको तहमा कार्यरत स्थायी शिक्षकलाई प्रधानाध्यापक पदमा छनौट गर्न बाधा पर्नेछैन।

तर दफा (५) को उपदफा (४) बमोजिम प्रधानाध्यापक छनौट गर्दा दफा (६) को उपदफा (१),(२) र (३) बमोजिमको व्यवस्थालाई मूख्य आधारका रुपमा लिइ जेष्ठता, योग्यता, क्षमता, नैतिक आचरण र विद्यालयमा प्राप्त दरबन्दी समेतलाई मध्यनजर गरी क्रमशः नियुक्तिका लागि सिफारिस गरिनेछ।

(५प्रधानाध्यापक छनौट गर्दा शुन्य दरबन्दी भएका,अस्थायी दरबन्दी वा राहत अनुदान र अन्य अनुदान कोटा मात्र रहेको र तोकिएको योग्यता भन्दा कम योग्यता भएको शिक्षक कार्यरत रही स्थायी दरबन्दी सहित योग्य प्रधानाध्यापक व्यवस्थापन गर्नुपर्ने अवस्थामा स्थायी, अस्थायि, राहत, सङ्घीय शिक्षण सहयोग अनुदान र गा. पा. अनुदान कोटालाई फाजिलमा राखी कार्यरत शिक्षकलाई अन्य विद्यालयमा पदस्थापना,सरुवा तथा स्थानान्तरण गरिनेछ।काज सरुवा गरी प्रधानाध्यापक पद व्यवस्थापन गर्नुपरेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

(६)प्रधानाध्यापक पदको लागि खोलिएको सूचनामा दरखास्त नपरेमा वा कम परेको अवस्थामा दफा (६) को उपदफा (१) र (२) बमोजिमको योग्यता र कार्यअनुभव पूरा भएका शिक्षकहरुलाइ दरबन्दी मिलानको माध्यमबाट पालिका भित्रका जुनसुकै विद्यालयमा सरुवा , पदस्थापना वा स्थानान्तरण गरी निजलाई प्रधानाध्यापकको जिम्मेवारी तोकिनेछ।यसरी सरुवा, पदस्थापना वा स्थानान्तरण गर्दा दुइ वर्षसम्म एउटै विद्यालयमा कार्यरत

शिक्षकलाई पहिलो प्रार्थमिकतामा राखी जेष्ठताको आधारमा छनौट गरी खटाइनेछ।खटाइएको विद्यालयमा रमना लिइ हाँजिर हुन जानु सम्बन्धित शिक्षकको कर्तव्य हुनेछ।

(७ माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनिवार्य अवकाश हुन २ वर्ष बाँकी र स्वेच्छिक अवकाश लिन इच्छुक शिक्षक एवं सरुवा सहमति लिएका शिक्षकको हकमा सोही कारण देखाइ निजले प्रधानाध्यापक छनौटका लागि खोलिएको दरखास्तमा आवेदन पेश नगरेमा त्यस्ता शिक्षकलाई प्रधानाध्यापक पदमा नियुक्ति तथा छनौट गर्न अनिवार्य गरिनेछैन।

## (६) प्रधानाध्यापक हुन चाहिने न्युनतम योग्यता र कार्य अनुभव

**(१) आधारभुत तहको हकमाः** सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी सेवामा कार्यरत रही शिक्षा शास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतिर्ण शिक्षक।

उपदफा)(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी दरबन्दी एवं त्यस्तो शैक्षिक योग्यता प्राप्त शिक्षक उपलब्ध हुन नसकेको अवस्थामा गाउँपालिकाले पालिका भित्रको जुनसुकै विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुबाट दरखास्त आह्वान गर्न वाधा पर्नेछैन।

तर शिक्षा शास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभुत तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछ ।

**(२)माध्यमिक तहको हकमाः** सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी सेवामा कार्यरत रही शिक्षा शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरहको परीक्षा उतिर्ण शिक्षक।

उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी दरबन्दी एवं त्यस्तो शैक्षिक योग्यता प्राप्त शिक्षक उपलब्ध हुन नसकेको अवस्थामा गाउँपालिकाले पालिका भित्रको जुनसुकै विद्यालयको एक तह मुनिको पदमा कार्यरत स्थायी शिक्षकहरुबाट दरखास्त आह्वान गर्न वाधा पर्ने छैन।

तर शिक्षा शास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उतिर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछ ।

(३) सम्बन्धित विद्यालयको सम्बन्धित तहमा यस कार्यविधि बमोजिमको योग्यता प्राप्त स्थायी शिक्षकको आवेदन परी छनौट भएमा निजलाई सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ति गरिनेछ तर स्थायी दरबन्दी वा त्यस्तो योग्यता प्राप्त शिक्षक नभएका विद्यालयको हकमा पालिका भित्रका जुनसुकै विद्यालयमा कार्यरत शिक्षकहरुबाट तोकिएको समय भित्र प्राप्त आवेदनहरुमध्ये योग्यता, जेष्ठता, विद्यालयको दरबन्दिको अवस्था, नैतिक आचरण लगायतका आधारमा मूल्याङकन गरी क्रमशः प्राथमिकीकरण गरी पालिका भित्रका जुनसुकै विद्यालयमा प्रधानाध्यापक पदमा छनौट तथा नियुक्ति गरी खटाइनेछ।

(४)दफा (६)को उपदफा (१)र(२) बमोजिमको शैक्षिक योग्यता र अनुभव प्राप्त शिक्षक समेत उपलब्ध हुन नसकेको अवस्थामा गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्णय गरी तोकिएको कार्यअनुभव र शैक्षिक योग्यतामा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**७.निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

**(१)**सामुदायिक विद्यालयमा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा वा पदपूर्ति नभएसम्मका लागि विद्यालय व्यवस्थापन समितिले सो विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुमध्ये जेष्ठताको आधारमा निमित्त प्रधानाध्ययापक तोक्न सक्नेछ। साथै प्रधानाध्यापक विदा वा काजमा खटी अनुपस्थित भएको दिनमा विद्यालयमा कार्यरत वरिष्ठतम शिक्षकले निमित्त प्रधानाध्यापकको भुमिकामा रही दैनिक प्रशासनिक कामकाज गर्न बाधा पर्नेछैन।

तर त्यस्तो विद्यालयमा स्थायी दरबन्दी वा त्यस्तो योग्यताको शिक्षक तत्काल उपलब्ध हुन नसक्ने स्पष्ट आधार भएको खण्डमा अर्को व्यवस्था नभएसम्मका लागि गाउँ शिक्षा समितिको सिफारिसमा अस्थायी/राहत / करार पदमा कार्यरत शिक्षकमध्ये वरिष्ठतम शिक्षकलाई निमित्त प्रधानाध्यापकको जिम्मेवारी दिन वाधा पर्ने छैन।

**८. पूर्णकालिन प्रधानाध्यापक छनौट सम्बन्धी व्यवस्थाः**

(१) कुनै विद्यालयमा प्रधानाध्यपक पद रिक्त वा प्रधानाध्यापकको पदावधि समाप्त हुन १ महिना अगावै सो को जानकारी विद्यालय व्यवस्थापन समितिले शिक्षा युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ।

(२) दफा (८) को उपदफा(१) बमोजिम जानकारी प्राप्त भएपछि शिक्षा शाखाले दफा(४) को उपदफा(१) बमोजिम गठित समितिबाट आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्नेछ।

(३) प्रधानाध्यापक छनौट समितिले कम्तिमा पन्ध्र दिनको म्याद तोकी विद्यालय विकास प्रस्ताव सहित आवेदन आह्वान गर्नेछ।

(४) आवेदकले यस कार्यविधिको अनुसूची -१ बमोजिमको विद्यालय विकास प्रस्तावको ढाँचा प्रयोग गर्नुपर्नेछ।

(५) प्रधानाध्यापक छनौट समिति समक्ष पेश भएका आवेदनहरु अध्ययन गरी सो समितिले रीत पूगेका आवेदकहरुको नामावली तयार गर्नेछ।

(६) समितिले आवेदकहरु मध्येवाट यस कार्यविधिको अनुसूची- २ बमोजिमको मूल्याङकनका आधारमा मूल्याङकन गरी नियुक्तिका लागि गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ।

तर ६० अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गरिनेछैन।

(७) दफा (८) को उपदफा(६) बमोजिम नियुक्तिका लागि सिफारिस भएका आवेदकहरुले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयवद्ध रुपमा पूरा गर्ने कार्य दक्षता शिक्षा समितिको निर्णय अनुसार शिक्षा शाखाले करार गरी ५ वर्षका लागि सम्बन्धित उम्मेदवारलाई नियुक्ति गर्नेछ।

(८) दफा ५ को उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समसितिले प्रधानाध्यापकको नियुक्ति गर्दा आ- आफ्नो विनियम तयार गरी नियुक्त गर्न सक्नेछन्।

**९. प्रधानाध्यापकको कार्यसम्पादन करार गर्नुपर्ने**

**(१)** प्रधानाध्यापक नियुक्ति गर्दा निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयवद्ध रुपमा पूरा गर्ने बेहोराको कार्यसम्पादन करार सिद्ध कुमाख गाउँपालिका शिक्षा शाखासँग गर्नुपर्नेछ।

(२) प्रधानाध्यापकले कार्यसम्पादन करार बमोजिम कार्य सम्पादन गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङकन सम्बन्धित विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति र गाउँ शिक्षा समितिले गर्नेछ।

**१०. प्रधानाध्यापकको काम , कर्तव्य र अधिकारः**

**प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क. विद्यालयमा शैक्षिक गुणस्तर र अनुशासन कायम राख्ने

ख. विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक कर्मचारी, विद्यार्थी र अभिभावकहरुवीच पारस्परिक सहयोगको वातावारण सिर्जना गर्ने

ग. विद्यालययमा अनुशासन, सच्चरित्रता , शिष्टता कायम गर्न आवश्यक काम गर्ने

घ. शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने र सो बमोजिम कक्षा सञ्चालन भए नभएको सुपरीवेक्षण गर्ने

ङ. विद्यालयमा सरसफाई ,अतिरिक्त क्रियाकलाप आदिको प्रवन्ध गर्ने, गराउने

च. विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने

छ. विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गर्ने, गराउने

ज. विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने

झ. विद्यालयमा भए गरेका महत्वपूर्ण काम ,कारवाहीको अभिलेख राख्ने

ञ. सम्बन्धित निकाय बाट स्थायी नियूक्ति , सरुवा र पदस्थापना भई आएका शिक्षक/ कर्मचाररीहरुलाई हाँजिर गराई विषय र तह अनुसारको कक्षा / विषय शिक्षणमा खटाउने

ट. कुनै शिक्षक वा कर्मचारीले जानी- जानी वा लावरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलव बाट कट्टा गरी असुल गर्ने

ठ. शिक्षक र कर्मचारीलाई दिएको सजायको अभिलेख राख्ने र सो अभिलेख माथिल्लो निकाय बाट हेर्न चाहेमा उपलब्ध गराउने

ड. शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन विद्यालय व्यवस्थापन समिति र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने

ढ. शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने

ण. महिननामा कम्तिमा १ पटक शिक्षक तथा कर्मचारीहरुको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक, शैक्षिक र प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने

त. सङ्घीय शिक्षण सहयोग अनुदान र गाउँपालिका अनुदान बाट समेत शिक्षक संख्या कम भएको र विद्यालयको आन्तरिक स्रोत भएको अवस्थामा गाउँपालिका बाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका तह/ विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयको स्रोत बाट तलव भत्ता र सेवा सुविधा पाउने गरी शिक्षक/कर्मचारीको पद कायम गरी सो अनुसार पद स्वीकृति भएमा करारमा नियुक्त गर्ने।

थ. विद्यालयभवन तथा छात्रावासको हाता भित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने

द. विद्यालयको प्रभावकारी सञ्चालनका लागि वार्षिक योजना वनाई व्यवस्थापन समिति बाट पारित गराई कार्यन्वयन गर्ने, गराउने

ध. विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्धवार्षक तथा वार्षिक कार्ययोजना बनाई कार्यन्वयन गर्ने गराउने

न. शिक्षक वा कर्मचारीलाई तालिममा छनौट गरी पठाउने। शिक्षक र विद्यार्थीलाई डिजिटल सिकाइ सँग आवद्ध गरी गुणस्तरीय शिक्षा का लागि पहल गर्ने।

प. विद्यालयमा नेपाल सरकार बाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने, गराउने

फ. विद्यालय व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफुले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय- व्यको हिसाव राख्ने तथा राख्न लगाउने

ब. कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार ३ वर्षसम्म १५ % भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकलाई नियमानुसार कारवाही गर्ने तथा कारवाहीका लागि सिफारिस गर्ने

भ. विद्यालयका सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको काम,कर्तव्य र जिम्मेवारी तोक्ने

म. विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङक प्रत्यक शैक्षिक सत्रको सुरुमा गाउँपालिकामा पेश गर्ने

य. गुणस्तरीय शिक्षाको लागि शिक्षकहरु सँग करार सम्झौता गरी सो को कार्यन्वयन गर्ने, गराउने

र.प्रचलित कानुन तथा माथिल्लो निकायबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

**११. प्रधानाध्यापकको पदावधिः**

(१) प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ र नीज पुनः सो पदमा नियुक्ति हुन सक्नेछ।

(२) प्रधानाध्यापकको कार्यसम्पादन करार सम्झौताका आधारमा विद्यालय व्यवस्थापन समिति र शिक्षा शाखाले ३ वर्षमा मध्यावधि मूल्याङकन गर्न सक्नेछ।

(३) दफा (११) को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रधानाध्यापकले आफूले गरेको कार्यसम्पादन करार बमोजिम काम नगरेको वा नीजको कार्यसम्पादन सन्तोषजनक नभएको वा नीजको आचरण खराव रहेको कुरा प्रमाणित भई व्यवस्थापन समितिबाट कारवाहीका लागि सिफारिस भई आएमा शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलेः दिएको प्रतिवेदनका आधारमा गाउँ शिक्षा संमितिले निजलाई प्रधानाध्यापकको पद बाट जहिलेसुकै हटाउन निर्णय गर्न सक्नेछ।
तर त्यसरी पद बाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका बाट बञ्चित गरिनेछैन।

**१२. प्रधानाध्यापक प्रोत्साहन भत्ताः**

(१) नेपाल सरकार बाट प्राप्त मासिक प्र. अ. भत्ताका अतिरिक्त गाउँपालिका बजेटबाट प्रधानाध्यापक प्रोत्साहन भत्ता देहाय बमोजिम थप गरी मासिक रुपमा उपलब्ध गराइनेछ

(क) आधारभुत तह (कक्षा १-५) प्रधानाध्यापकको हकमा मासिक रु.१०००।-

(ख)आधारभुत तह (कक्षा ६-८) प्रधानाध्यापकको हकमा मासिक रु.१५००।-

(ग) माध्यमिक तहको प्रधानाध्यापकको हकमा मासिक रु.२०००।-

यस कार्यविधि बमोजिम नियुक्ति भइ कार्यसम्पादन करार गरेका प्रधानाध्यापक वाहेक अन्यलाई माथि उल्लेखित थप प्रोत्साहन भत्ता उपलब्ध गराउन गाउँपालिका वाध्य हुनेछैन।

**१३. प्रधानाध्यापकको विदा र काज स्वीकृत सम्बन्धमा।**

(१) कम्तिमा ३ दिन सम्म विदा वस्नुपरेमा वा काजमा जानुपरेमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई कारण सहित जानकारी दिई बस्नुपर्नेछ। तर ३ दिन भन्दा बढी लिनुपरेमा प्रचलित कानुन बमोजिम वि. व्य.स. अध्यक्ष बाट विदा स्वीकृत गराउनुपर्नेछ र सो को जनकारी शिक्षा शाखालाई दिनुपर्नेछ।

**१४. पदमा बहाल र प्रतिश्पर्धा गर्न पाउनेः**

(१) यो कार्यविधि जारी हुनुपूर्व साविकको जिल्ला शिक्षा कार्यालय बाट समयावधि तोकी प्रधानाध्यापक पदमा नियुक्त भएका प्रधानाध्यापकहरु प्रधानाध्यापक छनौट प्रकिया सम्पन्न हुने समयावधि सम्म प्रधानाध्यक पदमा बहाल रहनेछन्। साथै योग्यता पूगेका हाल बहाल रहेका प्रधानाध्यापकहरुलाई पुनः सोही विद्यालयमा वा पालिका भित्रका अन्य जुनसुकै विद्यालयमा तोकिएको समयमा आवेदन दिइ प्रतिश्पर्धा गर्ने अवसरबाट वञ्चित गरिनेछैन।

**१५. खारेजी र बचाउः**

(१) यो कार्यविधि जारी हुनुपूर्व यस सँग सम्बन्धित भए गरेका कार्यहरु सिद्ध कुमाख गाउँपालिकाको शिक्षा ऐन २०७४ र यो कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(२) यो कार्यविधिमा उल्लेख गरेका व्यवस्थाहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञालेः
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-१**

(दफा ५ को उपदफा (४)सँग सम्बन्धित)

विद्यालय विकास प्रस्तावको ढाँचा

१. परिचय

२. दुरदृष्टि, लक्ष्य र उदेश्य

३. विद्यालयको सेवा क्षेत्रको विश्लेषण

क. विद्यालयको सेवाक्षेत्र ( सेवा क्षेत्र भित्र पर्ने गाउँ, सहर ,टोल खुलाउने)

ख. सेवा क्षेत्रको आर्थिक, सामाजिक , भौतिक , प्राकृतिक अवस्था( सेवा क्षेत्र भित्रका नागरिकको पेशा ,आर्थिक गतिविधि गरिवीको अवस्था, विकासका पूर्वाधारको अवस्था, सामाजिक सचेतनाको स्तर, प्राकृतिक स्रोत साधन आदि विषयको संक्षिप्त विश्लेषण गर्ने)

ग. सेवा क्षेत्रको जनसंख्या तथा शैक्षिक अवस्था विश्लेषण( सेवा क्षेत्रको जनसंख्याको विवरण र उक्त क्षेत्रको शैक्षिक सूचकहरुको अवस्था ( जस्तै साक्षरता , विद्यालयको पहुँच, नागरिकको शिक्षा प्रतिको चासो, जनसहभागिता आदि विषयको विश्लेषण गर्ने)

४.विद्यालयका विद्यमान समस्याहरुको विश्लेषण, समाधान र विद्यालयको सुधारः

(निम्न बुँदामा आधारित भई विश्लेशन गर्ने)

क. सेवा क्षेत्रको जनसंख्या

ख. विद्यालयको भौतिक अवस्था

ग. विद्यालयको शैक्षिक अवस्था

घ. विद्यालय समुदाय वीचको सम्बन्ध

ङ. विद्यालयको आर्थिक अवस्था

५.विद्यालय विकास योजना(रणनीति र कार्यनीति सहित) सुधारको ५ वर्षे कार्ययोजना

| सुधारको क्षेत्र | सुधारका क्रियाकलापहरु | कार्यप्रकिया | जिम्मेवारी | उपलब्धी सूचक | स्रोत व्यवस्था | समयावधि |
|---|---|---|---|---|---|---|
| भौतिक पक्ष | | | | | | |
| आर्थिक पक्ष | | | | | | |
| शैक्षिक पक्ष | | | | | | |
| व्यवस्थापकीय पक्ष | | | | | | |

६.वार्षिक कार्यन्वयन कार्ययोजना

क. आर्थिक व्यय भार पर्ने र नपर्ने क्रियाकलापहरु समावेश गरी कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ।

७. संस्थागत क्षमता विकासः

क. जनशक्ति विकास

ख. भौतिक संरचना विकास

ग. अन्य

अनूसूची -२

(दफा ८ को उपदफा (६) सँग सम्बन्धित)

प्रधानाध्यापक छनौट तथा मूल्याङकनका आधारहरुः

| क्र. सं | मूल्याङकनका आधार | आधारको विस्तृतीकरण | पूर्णाङक |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | क. न्युनतम शैक्षिक योग्यता ( प्रथम श्रेणी भए १५ अंक, द्बितीय- १३ र तृतीय श्रेणी भए ११ अंक)<br>ख. माथिल्लो शैक्षिक योग्यता ( प्रथम श्रेणी-१०, द्बितीय-८ र तृतीय श्रेणीको भए ६ अंक) | १५<br>१० |
| २ | शिक्षण अनुभव | सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथम श्रेणी भए २.५ अंक, द्बितीय श्रेणी भए २ अंक, र तृतीय श्रेणीको भए १.५ अंकका दरले बढीमा २५ अंक दिईनेछ तर महिलाको हकमा २५ अंक ननाघ्ने गरी २० प्रतिशत अंक थप गरिनेछ। | २५ |
| ३ | तालिम | क. शैक्षिक तालिम- १०( प्रथम श्रेणी-१०, द्बितीय -८ र तृतीय भए ६ अंक)<br>ख. न्युनतम ३० कार्य दिनको विद्यालयय व्यवस्थापन तथा सेवाकालीन तालिम लिएको भए -२ | १२ |
| ४ | अध्यापन | अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत | १२ |
| ५ | विद्ययालय विकास प्रस्ताव | क. विद्यालय विकास प्रस्ताव<br>ख. विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | १०<br>४ |
| ६ | नेतृत्व लिन सक्ने क्षमता | प्र.अ. छनौट समितिको मूल्याङकन वापत | १२ |

द्रष्टव्यः

१. माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एम.एड र एम फिल दुबैलाई जनाउँदछ।

२. विद्यालय विकास प्रस्ताव अध्ययनका लागि सदस्य सचिवले मूल्याङकनकर्तालाई १/१ प्रति उपलब्ध गराउनुपर्नेछ र सो अध्ययनका लागि बढीमा एक हप्ताको लागि समय उपलबध गराईनेछ।

३. शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति पाई शिक्षण गरेको हुनुपर्नेछ।

४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा चार अंकका दरले अधिकतम १२ अंक दिईनेछ। अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अंक दिंदा प्रति वर्ष देहायका आधारमा दिईनेछः

<u>अध्यापन गरेको विषयको कक्षागत औषत उतिर्ण प्रतिशत</u>x४

सम्बन्धित विषयको भौगोलिक इकाइको औषत उतिर्ण प्रतिशत

क) भौगोलिक इकाइको औषत उतिर्ण प्रतिशतको अंक ४० भन्दा कम भएमा ४० लाई मानिनेछ। यस खण्डको प्रयोजनका लागि भौगोलिक इकाइ भन्नाले सम्बन्धित पालिकालाई जनाउँछ।

ख) सम्बन्धित विद्यालयमा बाहेक अन्य विद्यालयमा शिक्षक , प्रधानाध्या पदमा उम्मेदवार भएको अवस्थामा निजले अध्यापन गरेको विद्यालयको विद्यार्थीको उपलब्धीका आधारमा यस खण्ड अनुसारको मूल्याङकन गर्नुपर्नेछ।

५. प्रतियोगी शिक्षकले तपसिलको विषयक्षेत्र नछुट्ने गरी विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण सकेसम्म प्रविधि प्रयोग गरी गर्नुपर्नेछ। देहायको कार्यढाँचामा तयार भएको विद्यालय विकास प्रस्ताव वापत १० र सो को प्रस्तुतीकरण वापत ४ अंक दिइनेछ। प्रस्ताव वापत अंक प्रदान गर्दा ७५ प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपरेमा सो को पुष्ट्याई समेत दिनुपर्नेछ।

६. तपसिलः

क. वर्तमान शैक्षिक र आर्थिक अवस्था

ख. विद्यालयले हाँसिल गर्नुपर्ने अपेक्षित उपलब्धी

ग. वर्तमान अवस्था र अपेक्षित उपलब्धीका सूचकगत अन्तर

घ. अपेक्षित उपलब्धी हाँसिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना

ङ. कार्ययोजनाका मूल्याङकनका सूचकहरु

७. नेतृत्व लिन सक्ने क्षमता वापतको अंक प्रदान गर्दा समेत ७५ प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम अंक दिनुपरेमा सो को पुष्ट्याई दिनुपर्नेछ। देहायका मूल्याङकनका आधारमा प्र.अ. छनौट समितिले देहायका मूल्याङकनका आधारमा अंक प्रदान गर्नुपर्नेछ

मूल्याङकनका आधारहरुः

अतिउत्तमः (५) उत्तम (४), मध्यम(३), सामान्य २)

| क्र. सं | सूचकहरु | अतिउत्तमः (१.२५) | उत्तम (१.००) | मध्यम (0.७५) | सामान्य (०.५०) | कैफियत |
|---|---|---|---|---|---|---|
| क | शिक्षण पेशाप्रति निष्ठावान र लगनशीलता | | | | | |
| ख | विद्यालयको शैक्षिक गुणस्तरप्रतिको समर्पन भाव | | | | | |
| ग | शिक्षक, विद्यार्थी, अभिभावक तथा वि. व्य. स र सरोकारवाला पक्ष सँग प्रभावकारी सम्बन्ध स्थापना गर्न र समुदायलाई प्रभावकारी परिचालन गर्न सक्ने खुवी/ क्षमता | | | | | |
| घ | व्यक्तित्व / उत्तरदायित्व र पारदर्शिता सम्बन्धी व्यवहार | | | | | |
| जम्मा अंक | | | | | | |

१) छनौट समितिले प्रधानाध्यापक पदका लागि शिक्षक सिफारिस गर्दा महिला , दलित, अपाङ्ग उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपाङ्गता भएका उम्मेदवार सिफारिस गर्नुपर्नेछ।यसरी सिफारिस गर्दा शिक्षा ऐन तथा नियमावली बमोजिम प्राथमिक तहमा महिला शिक्षकको दरबन्दी समेतलाई ध्यान दिनुपर्नेछ।

## अनुसूचीः ३
## दफा (९) को उपदफा (१).सँग सम्बन्धित
## प्रधानाध्यापक सँग गरिने कार्यसम्पादन करार सम्झौता

| |
|---|
| सिद्ध कुमाख गाउँपलिका र सिद्ध कुमाख गाउँपलिका वडा नं ............ मा सञ्चालित श्री .............. विद्यालयका प्रधानाध्यापक श्री ....................सँग गरिएको कार्यसम्पादन करार सम्झौता |

१. पृष्ठभुमीः

श्री सिद्ध कुमाख गाउँपलिका (यसपछि प्रथम पक्ष भनिने) र सिद्ध कुमाख गाउँपलिका वडा नं........ मा सञ्चालित श्री ............... विद्यालयका प्रधानाध्यापक श्री .............( यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका करार सम्झौतामा उल्लेख भएका शर्तहरुको अधिनमा रही प्रचलित कानुनमा उल्लेख भएका कार्यहरुको कार्यान्वयनका लागि दुबै पक्षको समझदारीमा कार्यसम्पादन करार सम्झौता गरी एक/एक प्रति बुझिलियौं, दियौं।

२. शर्तहरु

(क) प्रथम पक्षले पालना गर्ने शर्तहरुः

(अ) विद्यालयको सिकाइ वातावरण वालमैत्री, सिकारुमैत्री र प्रविधिमैत्री बनाउन आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्ने,

आ) त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति माग गरी विश्लेषण गर्ने

इ) आवश्यक बजेट तथा रकम उपलब्ध गराउने

(ई) वर्षको कम्तिमा २ पटक विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी आवश्यक सुधारका लागि निर्देशन र सहयोग गर्ने।

(ख) दोस्रो पक्षले पालना गर्ने शर्तहरुः

अ) विद्यालयको शिक्षण सिकाइ वातावरण वालमैत्री र प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापका लागि आवश्यक वातावरण तयार गर्ने

आ)तोकिएका लक्ष्यहरु प्राप्तिका लागि तत्पर रहने

इ) त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदनहरु उपलब्ध गराउने

ई) प्रचलित ऐन, नियम र कार्यविधिमा तोकिएका कार्यहरु र जिम्मेवारीहरु कुशलतापूर्वक सम्पन्न गर्ने, गराउने

उ) शिक्षक, विद्यार्थी , अभिभावक, समुदाय र सरोकारवाला पक्षसँग आवश्यक समन्वय र सहकार्य गर्ने

ऊ) गाउँपालिकाले दिएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने।

३)दोस्रो पक्षले मञ्जुर गरेको विद्यालयको सिकाइ वातावरण सुधारका कार्य र लक्ष्यहरु

| क्र. सं | सुधारका कार्यहरु | सम्झौता अवधिभित्र पूरा गर्ने लक्ष्यहरु |
|---|---|---|
| १ | कक्षाकोठा भित्र सिकाइ वातावरणका लागि चाहिने न्युनतम सामाग्रीहरुको उपलब्धता | विषयगत सिकाइ कुना अनुसारका सिकाइ सामाग्रीहरु, कक्षाकोठा व्यवस्थापनका सामाग्रिहरु, प्रत्येक कोठामा ९० % पुगेको हुने |
| २ | कक्षा ३ सम्म सबै विद्यार्थी बस्न मिल्ने कार्पेट, लेख्न मिल्ने वालमैत्री टेबल र पुस्ताकालय व्यस्थापन | १००% कक्षाकोठामा व्यवस्थापन भएको हुने |
| ३ | कक्षा ४ देखि ८ सम्म सबै कक्षामा वालमैत्री फर्निचर र | ८०% कक्षाकोठामा व्यवस्थापन भएको हुने |

| | | |
|---|---|---|
| | बसाइ व्यवस्थापन | |
| ४ | कक्षा ६ देखि १२ सम्म प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र वालमैत्री कक्षाकोठा व्यवस्थापन | ९०% विद्यालयमा पुगेको हुने |
| ५ | विद्यालय खुलेको दिन विद्यार्थीको उपस्थिति | औषत न्युनतम ७५% उपस्थित हुनुपर्ने |
| ६ | शिक्षक, प्र. अ, बैठक र निर्णय | कम्तिमा महिनाको एकपटक शिक्षण सिकाइ सुधारका विषयमा छलफल भइ निर्णय गर्नुपर्ने अघिल्लो बैठकको समीक्षा गरी कार्यान्वयन भएको हुनुपर्ने |
| ७ | विद्यालय व्यवस्थापन समितिको निर्णय र कार्यान्वयन | विद्यालय व्यवस्थापन समितिको बैठक नियमानुसार बस्ने तथा प्रत्येक बैठकमा शैक्षिक सुधारको १ वटा निर्णय र निर्णयको १००% कार्यान्वयन भएको हुनुपर्ने |
| ८ | विद्यालय परिसरमा बगैंचा/ फूलवारी र हरियाली प्रवर्द्रन गर्ने | फूलवारी / बगैंचा निर्माण र विद्यालय परिसरमा वृक्षारोपन गरी हरियाली बनेको हुनुपर्ने<br>हरित विद्यालय निर्देशिका बमोजिम कार्य गर्ने प्रयास गरेको हुनुपर्ने |
| ९ | साप्ताहिक अतिरिक्त क्रियाकलाप सञ्चालन | शैक्षिक क्यालेण्डर बमोजिम तोकिएका वर्षभरिका अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थी प्रोत्साहन गरेको हुनुपर्ने |
| १० | वालविकास केन्द्रमा न्युनतम सिकाइ सामाग्री र वालमैत्री कक्षाकोठा व्यवस्थापन | ९०% न्युनतम सामाग्रीहरुको व्यवस्थापन भएको हुनुपर्ने र वालविकास कक्षामा कार्पेट , चकटी, पुस्तकालय एवं दराजको व्यवस्थापन भएको हुनुपर्ने |
| ११ | प्र. अ ले कक्षाअवलोकन र पृष्ठपोषण | न्युनतम मासिक दुईजना शिक्षकको दैनिक पाठयोजनामा लिखित पृष्ठपोषणसहित कक्षा अवलोकन र पृष्ठपोषण दिएको हुनुपर्ने |
| १२ | कामको बाँडफाँड र कार्यविभाजन | सबै शिक्षकहरुलाई विषयगत र अन्य विविध जिम्मेवारी सहितको काम बाँडफाँड गरी कार्यान्वयन भएको हुने |
| १३ | दैनिक पठनपाठन र पाठयोजनाको समीक्षा | प्रत्येक दिनको कक्षा शिक्षकको पाठयोजनाको अवलोकन र साप्ताहिक समीक्षा एवं सिकाइ गतिविधिवारे मासिक समीक्षा गरेको हुनुपर्ने। |
| १४ | विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री भवन तथा खानेपानी व्यवस्थापन | हात धुने साबुन सहित सबै बालबालिकाले पुग्न मिल्ने गरी कम्तिमा १ धारा निर्माण भएको हुनुपर्ने<br>खानेपानीको नियमित आपुर्ति भएको हुनुपर्ने<br>खानीपानी स्वचछ हुनुपर्ने<br>वालमैत्री भवन निर्माणमा पहल गरेको हुनुपर्ने |
| १५ | वालमैत्री शौचालय व्यवस्थापन | विद्यालयमा वालमैत्री र अपाङगतामैत्री शौचालय हुनपर्ने |
| १६ | स्वास्थ्य चौकीको समन्वयमा वालवालिकाहरुको स्वास्थ्य परीक्षण र प्राथमिक उपचार बक्स व्यवस्थापन | विद्यालयमा वालवालिकाको स्वास्थ्य परीक्षण र न्युनतम एक प्राथमिक उपचार वाकस राखेको हुनुपर्ने<br>सम्भव भएसम्म विद्यालय नर्स व्यवस्थापन भएको हुनुपर्ने। |
| १७ | विद्यालय सुधार योजना निर्माण | विद्यालय सुधार योजनामा राखिएका शैक्षिक क्रियाकलापहरु ९०% कार्यान्वयन भएको हुने |
| १८ | वार्षिक योजना निर्माण र कार्यान्वयन | ९०% कार्यान्वयन भएको हुनुपर्ने |

| | | |
|---|---|---|
| १९ | अभिभावकलाई परीक्षाफल सहितको प्रगति विवरण शैक्षिक सत्र सुरु हुनु अगावै उपलब्ध गराउने | १००% भएको हुनुपर्ने |
| २० | तोकिएको समय भित्र सामाजिक लेखापरीक्षण गराउने | १००% सम्पन्न भएको हुनुपर्ने |
| २१ | विद्यार्थीको कक्षागत सिकाइ उपलब्धी वृद्दि | प्रति कक्षा न्युनतम ७५% औषत सिकाइ उपलब्धी प्राप्त गर्नुपर्ने र कक्षागत कुल विद्यार्थी संख्याको न्युनतम ५० % विद्यार्थी उतिर्ण हुनुपर्ने |
| २२ | शिक्षक शिक्षण लगबुक र सो को समीक्षा | शिक्षक शिक्षण लगबुक राख्न लगाउने र सो को साप्ताहिक समीक्षा गरेको हुनुपर्ने |
| २३ | असल अभ्यास | विद्यालय व्यवस्थापन तथा शिक्षक, कर्मचारी बैठकबाट कम्तिमा ५ वटा असल अभ्यास छनौट गरी सुरुवाति भएको हुनुपर्ने |
| २४ | कार्यालय व्यवस्थापन | एकैपटक १००% शिक्षक , कर्मचारी बस्न मिल्ने गरी कार्यालय व्यवस्थापन गर्ने |
| २५ | गृहकार्य | गृहकार्यको कम्तिमा ३०% कार्य परियोजना कार्यसँग सम्बन्धित भएको हुनुपर्ने र सिर्जनात्मकतालाई प्राथमिकता दिएको हुनुपर्ने |
| २६ | बेरुजु | बेरुजु शुन्य भएको हुनुपर्ने |
| २७ | वडापत्र | विद्यालयको गतिविधि झल्किने वडापत्र वा वोर्ड राखेको हुनुपर्ने |
| २८ | नियमितता | विद्यार्थी अनुपस्थित दर घटाउन, अभिभावक तथा विद्यार्थी सँगको नियमित सम्पर्क र त्यसको प्रभाव एकीन गरी प्रतिवेदन राखेको हुनुपर्ने |
| २९ | दिवा खाजा व्यवस्थापन | तोकिएका कक्षामा स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन गरी दिवा खाजा मेनुको कार्यान्वयन भएको हुने |
| ३० | विद्यालयमा अनुशासन | विद्यालयमा शिक्षक , कर्मचारी र विद्यार्थीको अनुशासन कायम भए नभएको अनुगमन गरी सबै प्रकारका विभेद र हिंसा एवं दुर्व्यहार हुन नदिन समय समयमा सचेतनात्मक कार्यक्रमहरु राखेको हुनुपर्ने |

(४)सम्झौता अवधि र कार्यान्वयन

(अ)यो सम्झौता दूइ पक्षबाट हस्ताक्षर गरेको मितिबाट लागू हुनेछ।सम्झौताको अवधि ५ वर्षको हुनेछ।तर ३ वर्षमा पालिकाको शिक्षा शाखासँग गरिएको कार्यसम्पादन करार सम्झौता नवीकरण गरिनेछ।

आ) अर्धवार्षिक र वार्षिक समीक्षामा विशेष काबु वाहिरको कारणले लक्ष्य हाँसिल गर्न असम्भव जस्तै देखिएमा दुबै पक्षको सहमतिमा लक्ष्य पुनर्विचार गर्न सकिनेछ।

इ)प्रधानाध्यापकलाई गरिने प्रोत्साहनका कार्यहरु करार सम्झौताका लक्ष्य प्राप्ति सँग आवद्ध हुनेछन्।

ई) करार सम्झौता गरेका व्यक्ति विविध कारण प्रधानाध्यापक पदबाट हटेमा त्यसको दायित्व त्यसपछि नियुक्त हुने प्रधानाध्यापकमा स्वतः सर्नेछ र प्रधानाध्यापक नियुक्ति भएपछि पुनः करार सम्झौता गरिनेछ

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| ................. | ................. |
| नामथरः | नामथरः |
| पदः | पदः |
| मितिः | मितिः |

अनुसूची-४

दफा (५) को उपदफा (३) सँग सम्बन्धित

विद्यालय प्राथमिकीकरण सहित आवेदन पेश गर्ने सम्बन्धी ढाँचा

श्रीमन् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिद्ध कुमाख गाउँपालिका , सल्यान।

विषयः **विद्यालय प्राथमिकीकरण सहित आवेदन पेश गरेको सम्बन्धमा।**

प्रस्तुत विषयमा सिद्ध कुमाख गाउँपालिका द्वारा मिति.............. मा प्रकाशित सूचना बमोजिम प्रधानाध्यापक छनौट तथा व्यवस्थापन कार्यविधि ,२०८३ को दफा (६) को उपदफा (१) र (२) बमोजिम मेरो योग्यता पुगेकाले आवश्यक कागजात सहित तपसिलका विद्यालयहरुमा प्रधानाध्यापक पदमा नियुक्ति भइ कार्य गर्न इच्छुक भएकाले विद्यालयको प्राथमिकीकरण सहित आवेदन पेश गरेको/ गरेकी छु।

तपसिलः

(क)विद्यालय प्राथमिकीकरण

| प्राथमिकता क्रम | विद्यालयको नाम | वडा नं | सञ्चालित तह | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ............. | | | | |

(ख) आवश्यक कागजातहरु

- अनुसूची-१ बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव
- शिक्षण अनुभव वा तालिम सम्बन्धी कागजातहरु
- शैक्षिक योग्यताका प्रमाणपत्रहरु
- आफ्नो विषय सँग सम्बन्धित प्रमाणित कक्षागत सिकाइ उपलव्धी
- .................................. ।

आवेदकको:
नामथरः
पदः
तहः
हस्ताक्षरः
मितिः